नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३८

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

मिति:२०८२/०४/१८

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना प्रविधि शाखाको प.सं. २०८२/०८३, च.नं. सु.प्र./५३४/२९९ मिति २०८२/४/१६ को सुझाव कार्यान्वयन सम्वन्धी परिपत्रको छायाँ प्रति यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना प्रविधि शाखा,
सिंहदरबार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सूचना प्रविधि शाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८२/८३

च.नं. :- सु.प्र./५३४//२९९

मिति :- वि.सं. २०८२/०४/१६

विषयः परिपत्र सम्बन्धमा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 263
दर्ता मिति:- 4/18

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमांडौ

उपर्युक्त सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२/०४/०६ को निर्णय बमोजिमको सुझाव कार्यान्वयन सम्बन्धि यस कार्यालयको मिति २०८२/०४/०६ च.नं. सु.प्र./५३४/२९७ को यसै साथ संलग्न पत्र सबै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

.................................

(विनय सुवेदी)

कम्प्युटर इन्जिनियर

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- सु.प्र./५३४//२९७

मिति :- वि.सं. २०८२/०४/१६

विषयः सूचना प्रणालीको प्रयोगकर्ता व्यवस्थापन सम्बन्धी सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री सबै स्थानीय तह,

सातै प्रदेश ।

उपर्युक्त सम्बन्धमा सेवा प्रवाहमा डिजिटल प्रणाली प्रयोगमा ल्याएका कार्यालयहरुमा प्रयोगकर्ता कर्मचारीहरुको युजर आईडी र पासवर्ड (User ID and Password) को दुरुपयोगबाट हुने जोखिम न्यूनीकरण गर्ने सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२/०४/०६, च.नं. १२६७ को पत्र बाट प्राप्त देहाय अनुसारको सुझावको कार्यान्वयन तहाँ नगर/गाँउपालिको कार्यालय, स्थानीय तहका अन्य निकाय तथा वडाहरुमा समेत गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

देहाय

"नेपाल सरकार तथा विभिन्न सार्वजनिक निकायहरुमा प्रयोग भइरहेका विद्युतीय प्रणाली तथा व्यवस्थापन सूचना प्रणालीमा आधिकारिक पहुँच भएका प्रयोगकर्ताहरुको सरूवा, अवकाश वा जिम्मेवारी परिवर्तन हँदा समेत जिम्मेवारीमा रहँदा प्रयोग गरेको युजर आईडी र पासवर्ड (User ID & Password) प्रयोग गरी सरकारी प्रणालीको दुरुपयोग हुने गरेको अनुसन्धानबाट देखिएको सन्दर्भमा सरकारी विद्युतीय प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन जिम्मेवारी लिंदा त्यस्ता आईडी र पासवर्ड लिखित रुपमा बुझेर लिने, कार्यरत अवधिमा त्यस्ता युजर आईडीको दुरुपयोग भएमा जिम्मा लिने राष्ट्रसेवक नै जिम्मेवार हुने र कुनै किसिमले आफ्नो जिम्मेवारीबाट अलग हुँदा, सरूवा, अवकाश हुँदा ती आईडीको बरबुझारथ गरी जिम्मेवारीबाट अलग भएको एकीन भए मात्र रमाना, अवकाश लगायतका- आधिकारिक पत्र जारी गर्ने व्यवस्था मिलाउनु हुन"

(विनय सुवेदी)

कम्प्युटर इन्जिनियर

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग , टंगाल, काठमाण्डौ ।

श्री मुख्यसचिवज्यूको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।